# बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**बरहथवा, सर्लाही**

## पोखरी, बजार तथा खोला ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना ।

(छैंठौ पटक प्रकाशित मिति २०७९/०८/२८ गते)

उपरोक्त सम्बन्धमा मिति २०७९/०८/२३ गतेको बरहथवा नगरकार्यपालिकाको बैठकको निर्णयानुसार आ.व. २०७९/०८० को लागि तपसिलमा उल्लेखित पोखरी, बजार तथा नदी खोलाहरुको सिलबन्दी बोलपत्र/दरभाउपत्रद्धारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई बोलपत्र/दरभाउपत्र खरीद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

१. बोलपत्र/दरभाउपत्र साथ ठेक्का लिने व्यक्ति/फर्म/संस्थाले इजाजत प्रमाणको प्रतिलिपि, पा नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. बोलपत्र/दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयबाट न्युनतम अंक रु १० लाख सम्मको लागि दस्तुर रु. १,०००/- र रु. १० लाख भन्दा माथिको लागि दस्तुर रु ३,०००/- मा खरिद गरी ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उक्त बोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ । तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलबन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र/दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.बैं.लि. बरहथवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग३.००-१४००३०००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै खाम बन्दी गरी पेश गर्नु पर्ने छ ।

४. शिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. बोलपत्र/दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. बोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट गरिने छ ।

८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून तथा आर्थिक ऐन-नियमावली बमोजिम हुनेछ र थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१०. कोभिड-१९ माहामारीका कारण बन्दाबन्दी (लकडाउन) वा निषेधाज्ञा भएमा सो अवधिको रकम दामासाहीले एकीन गरी घटाई सम्झौता गरिनेछ । सम्झौता पछि बन्दाबन्दी वा लकडाउन भएमा दामासाहीले बजार ठेक्काका लागि मात्र मिनाहा दिइनेछ ।

११. सरकारी पेश्की, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन ।

१२. ठेक्का स्वीकृत भए पछि सम्झौतामा उल्लेखित रकम एकमुष्ठ नगद यस कार्यालयको बैंक खातामा बुझाई बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ । ठेक्का सम्झौता बमोजिमको रकम पोखरी हकमा ३ (तीन) वर्ष भरीको र खोला तथा बजारको हकमा १ (एक) वर्ष भरिको एकमुष्ठ रकम बुझाउनेहरुलाई १०% छुट दिइने छ ।

१३. प्रत्येक खण्डको छुट्टा छुट्टै बोलपत्र/दरभाउपत्र फारम खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

१४. ठेक्का स्वीकृत भएको सात दिनभित्र स्विकृत भएको बोलपत्र/दरभाउपत्र दातालाई सोको सूचना दिइने छ । ७ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र दातालाई सूचना दिइने छ । ठेक्का बन्दोबस्तको सम्झौता भए पछि मात्र बाँकीको धरौटी रकम फिर्ता हुने छ ।

१५. पोखरी ठेक्का अवधि सम्झौता भएको मिति देखि मिति २०८२ अषाढ मसान्त सम्म ३ (तीन) वर्षका लागि कायम गरिएको छ । खोला र बजार ठेक्काको हकमा सम्झौता भएको मिति देखि मिति २०८० साल अषाढ मसान्त सम्म १ (एक) वर्षका लागि कायम गरिएको छ ।

१७. पोखरी ठेक्काको हकमा कबोल अंकको ४०% सम्झौताका बखत दाखिला गर्नु पर्नेछ । बाँकी रकम २०८० साल जेठ मसान्त भित्र दोस्रो किस्ता ३०% र बाँकी अन्तिम किस्ता २०८१ साल जेठ मसान्त भित्र बुझाउनु पर्नेछ । बाँकी अवधिको लागि दोस्रो र तेस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०८२ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।

१८. बजार तथा खोला ठेक्का समेत किस्तामा लिदा बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।

१९. ठेक्कामा लाग्ने नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर वा प्रचलित कानून अनुसार लाग्ने अन्य करहरु ठेकेदार स्वंयमले व्यर्होनु पर्नेछ ।

२०. पट्टामा उल्लेखित दररेट र सम्झौता शर्तहरु अनुसार मात्र कार्य गर्न पाउने छ । कवुलियतको कुनै शर्त बर्खिलाप काम गरेमा ठेक्का कुनै पनि बेला तोड्न सकिनेछ ।

२१. सूचनामा उल्लेख नभएका विषय प्रचलित ऐन-कानून बमोजिम हुनेछ ।

तपसिलः-

| बोलपत्र नं. | विवरण | न्युनत्तम ठेक्का रकम |
|---|---|---|
| १ | गोरु तथा भैंसी बजार, बरहथवा | २०,४१,८८६/- |
| ४ | लौकठ बजार | ५,१३९.६९/- |
| ५ | लौकठ हिरापुर बजार | २९,१२४.९/- |
| ६ | लौकठ पर्ति बजार | ८,७०८.९३/- |
| ७ | पथलैया बजार (हजरिया) | ४,२८३.०७/- |
| १५ | हिरापुर ब्यारेज माछा ठेक्का | १,७४,२१५/- |
| १७ | एकादशी खोला माछा ठेक्का | ९,४२४.६६/- |
| १८ | गुलरिया मन माछा ठेक्का | २२,२७८.१/- |
| १९ | कटानी पोखरी (आ.व.२०७९/८० देखि २०८१/८२ सम्म) | १,६४,९८८/- |

...................
सत्य नारायण यादव
नि.प्रमुख प्रशासकीय अधिकृत